# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, भदौ १९ गते २०४६ साल (संख्या २१

## भाग ४

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले नेपाल इञ्जिनीयरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उपनियम ७ को प्रयोजनका लागि सेवा प्रवेशको निमित्त तोकिएको शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित उपाधि गणना गर्नुपर्दा देहायको उप-समूहको लागि देहायबमोजिमको योग्यता पनि तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | उप-समूह | माथिल्लो शैक्षिक योग्यता | विषय |
|---|---|---|---|
| १. | बिल्डिङ एण्ड आर्किटेक्ट | माष्टर अफ प्लानिङ | अर्वन प्लानिङ |
| २. | " | माष्टर अफ ल्याण्डस्केप आर्किटेक्चर डिप्लोमा | ल्याण्डस्केप आर्किटेक्चर |
| ३. | " | डिप्लोमा | प्लानिङ एण्ड हाउजिङ |
| ४. | जनरल | माष्टर अफ साइन्स | वाटर एण्ड वेष्ट इञ्जिनीयरिङ |
| ५. | स्यानिटरी | माष्टर अफ इञ्जिनीयरिङ | इन्भाइरन्मेन्टल इञ्जिनीयरिङ |
| ६. | बिल्डिङ एण्ड आर्किटेक्ट | माष्टर अफ अर्वन एण्ड रिजनल प्लानिङ | अर्वन एण्ड रिजनल प्लानिङ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229

## सूचना २

श्री ५ को सरकारले नेपाल इन्जिनीयरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उपनियम (४क) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको अनुसूची १ क मा देहायका पदनामहरू थप गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

सह-सचिव स्तर (राजपत्राङ्कित प्रथम श्रेणी)

प्रमुख प्लानर

उप-सचिव स्तर (राजपत्राङ्कित द्वितीय श्रेणी)

जिल्ला इन्जिनीयर

सहायक सचिव स्तर राजपत्राङ्कित (द्वितीय श्रेणी)

जिल्ला इन्जिनीयर

शाखा अधिकृत स्तर (राजपत्राङ्कित तृतीय श्रेणी)

१. जिल्ला इन्जिनीयर
२. सिनियर सर्भेक्षक
३. इन्जिनीयर

आज्ञाले,
इन्द्रबहादुर माली
उप-सचिव

## राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

राष्ट्रिय पञ्चायतका माननीय सदस्य श्री शिवराज पन्तले राष्ट्रिय पञ्चायत सदस्य पदबाट मिति २०४६।४।२६ मा लिखित राजीनामा दिनु भई नेपालको संविधानको धारा ३८ को उपधारा (१) को खण्ड (ख) बमोजिम राष्ट्रिय पञ्चायत सदस्यको स्थान एक रिक्त भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
जीवनलाल सत्याल
राष्ट्रिय पञ्चायतको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार